# प्रेस विज्ञप्ति

NFRJ
NEPAL FORUM FOR RESTORATIVE JUSTICE

२०८१ श्रावण २ गते

नेपाल सरकार तथा नेपालको न्यायपालिकाले पुनर्स्थापकीय न्याय पद्धितिको अवधारणालाई आत्मसात् गर्दै संविधान तथा तत कानुनमा रहेका पुनर्स्थापकीय न्याय सम्बन्धी व्यवस्थाहरुलाई क्रमश: कार्यान्वयन गर्दै आइरहेको व्यहोरा सर्वविदितै छ। यसै क्रममा सम्मानित सर्वोच्च अदालतबाट "घ" कुमारीको जाहेरीले नेपाल सरकार विरूद्ध सागर भट्टसमेत भएको ०७१-CR-०६५९ र गोपाल सिवाकोटी (चिन्तन) समेत  विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं परमादेश समेत ०७६-WO- ०९३९ नि नं १०५०९ बाट फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा रहेका पुनर्स्थापकीय न्याय सम्बन्धी व्यवस्थाका सम्बन्धमा निर्देशनात्मक आदेशका साथै न्यायिक दृष्टिकोण समेत दिइसकेको अवस्था छ। नेपाल सरकारले महान्यायाधिवक्ताको कार्यालय मार्फत संघिय प्यारोल तथा प्रोवेशन बोर्ड गठन लगायत कारागारबाट वन्दीहरुलाई प्यारोलमा छोड्ने प्रक्रियाको शुरूवात पनि गरिसकेको छ।

न्यायमा सबैको पहुँचको सुनिश्चितता र न्यायपालिकाप्रतिको जनआस्था अभिवृद्धि गर्ने उद्देश्यका साथ २०६१ सालदेखि न्यायपालिकामा योजनाबद्ध सुधारको शुरुवात भएको हो। न्यायपालिकामा योजना लागू भएको करिव दुई दशकको अवधिमा चौथो पञ्चवर्षीय रणनीतिक योजनाहरूको कार्यान्वयन सम्पन्न भई पाँचौ पञ्चवर्षीय रणनीतिक योजना (२०८१-०८६) भरखरै कार्यान्वयनमा आएको छ।

प्रस्तुत यस योजनामा "छिटोछरितो र गुणस्तरीय न्याय" सम्बन्धी लक्ष्य प्राप्तिका लागि "रणनीतिक उद्देश्य ५: न्याय सम्पादनको कार्यमा गुणस्तरीयता कायम गर्नु" अन्तर्गत "विद्यमान कानूनमा रहेका पुनर्स्थापकीय न्यायका मान्यताहरूको प्रभावकारी कार्यान्वयन गर्ने" क्रियाकलाप समावेश गरिएको छ। यसरी सम्मानित सर्वोच्च अदालतबाट योजनामा नै समावेश गरी कार्यान्वयन गर्ने कदमप्रति नेपाल पुनर्स्थापकीय न्याय मञ्च हार्दिक स्वागत तथा आभार व्यक्त गर्दछ।

यसै गरी पुनर्स्थापकीय न्यायसम्बन्धी अन्य व्यवस्थाहरु जस्तै: कैद सजाय निलम्बन, सुधार गृहमा पठाउने, पुनर्स्थापना केन्द्रमा पठाउने, सप्ताहको अन्तिम दिन वा रात्रीकालीन समयमा मात्र कारागारमा बसी कैद भुक्तान गर्न दिने, खुल्ला कारागारमा राख्ने, सामाजिकीकरण गराउने, कैद बापत शारीरिक श्रममा लगाउने, कारागार बाहिर जान दिने, सुधारात्मक कार्यक्रम सञ्चालन गर्नेजस्ता व्यवस्थाहरु पनि यथाशीघ्र कार्यान्वयनका लागि नेपाल पुनर्स्थापकीय न्याय मञ्च  नेपाल सरकार र नेपालको न्यायपालिकासमक्ष हार्दिक अपिल पनि गर्दछ।

--
नेपाल पुनर्स्थापकीय न्याय मञ्च

नेपाल पुनर्स्थापकीय न्याय मञ्च स्थापनाकालदेखि नै पुनर्स्थापकीय न्याय, संवाद र शान्ति निर्माणका लागि न्यायिक तथा गैर न्यायिक क्षेत्रमा न्याय र द्वन्द्व रूपान्तरणको लागि पछिल्लो समय अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय तहमा सर्वाधिक प्रचलित एवम् प्रयोग भइरहेको पुनर्स्थापकीय न्यायका सिद्धान्त, पद्धति, अभ्यास, विकास र प्रवर्द्धनका लागि कार्यरत र संलग्न रहेको नेपालको पहिलो गैर नाफामूखी एवम् गैर सरकारी संस्था हो ।